# मालिका गाउँपालिका दरबाङ, म्याग्दीको सार्वजनिक सुनुवाई कार्यक्रमको

## प्रतिवेदन

**सार्वजनिक सुनुवाई गरिएका विषयवस्तुहरुः**

क) गाउँपालिकाको कार्यालयद्वारा गत आर्थिक वर्ष २०७८/७९ र चालु आवमा सञ्चालित योजना तथा कार्यक्रमहरु ।

ख) गाउँपालिकाअर्न्तगत रहेका विषयगत शाखाबाट सम्पादित कार्यक्रम तथा योजनाहरु ।

ग) वडा कार्यालयको सेवा प्रवाह र विकास निर्माणलगायत योजनाहरुको प्रगतिसहितका गतिविधिहरु ।

**कार्यक्रम स्थलः** मालिका गाउँपालिकाको केन्द्र दरबाङ बजार, म्याग्दी ।

**मिति र समयः** २०७९ साल माघ १० गते मङ्गलवार, दिउँसो ११ बजेदेखि

**कार्यक्रमको समयावधिः** ५ घण्टा

**सहजीकरणः** ठाकुरप्रसाद आचार्य/प्रताप बानियाँ/अमित विश्वकर्मा

सार्वजनिक सुनुवाइमा उठेका प्रश्न, जिज्ञासा र उत्तरः

| क्र. सं. | प्रश्नकर्ताको नाम | प्रश्न/गुनासो/सुझाव | उत्तर दिने व्यक्ति | जवाफको व्यहोरा |
|---|---|---|---|---|
| १. | प्रेमबहादुर पटेल | दरबाङको भुमेथानदेखि पक्की पुलसम्म हाईवे रोड विस्तारको क्रममा वस्ती उठिवास बनाउन खोजिएको हुँदा यस सडकको विकल्प खोज्नुपर्ने अवस्था रहेकाले गाउँपालिकाले कसरी सम्बोधन गर्छ ? | दीपक साप्रकोटा, इन्जिनियर | तत्कालींन समयमा सडक डिभिजन कार्यालयले स्थानीय सरोकारवालाहरुसँग बसेर सडकको डिपिआर बनाएको हुँदा यसको कार्यान्वयन गर्नका लागि अब सम्बन्धित सबै पक्षहरु बसेर उचित विकल्पको खोजी गर्नुपर्दछ । |
| २ | ज्ञानबहादुर पुन | दरबाङ सडकको डिपिआर कहिले र कसरी बनाइयो ? किन दरबाङवासीलाई सूचना दिइएन ? | दीपक सापकोटा, इन्जिनियर | दरबाङ सडकको निर्माण गर्नका लागि तत्कालीन समयमा स्थानीय सरोकारवालासँग बसेर छलफल गरी डिपिआर बनाइएको र सम्बन्धित सबैलाई सूचना जारी गरिएको थियो । |
| ३. | रघुनाथ न्यौपाने | गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्ने कार्य किन रोकियो ? | गाउँपालिका अध्यक्ष बेगप्रसाद गर्बुजा | पालिकाको प्रशासनिक भवन निर्माण गर्न जग्गा खरिद गर्ने क्रममा विधि र प्रक्रियाअनुसार काम हुने भएकाले प्रक्रियामा जाँदा केही समय लागेको हो । |
| ४ | गोपाल गौतम | उद्योगी, व्यापारीहरुलाई पेशा तथा व्यवसायमा कर छुट दिनुपर्‍यो ? यसका लागि गाउँपालिकाको योजना के छ ? | बेगप्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष | उद्योगी, व्यापारी तथा व्यवसायीहरुलाई करछुट दिनको लागि स्थानीइ व्यवसायीहरुसँग बसेर आवश्यक समन्वय गरेर अगाडि बढिनेछ । |
| ५ | भीमप्रसाद गौतम | विपद् अर्थात् वर्षात्को समयमा डोजर परिचालन गरेर अवरुद्ध सडक खुलाइएको भए पनि हालसम्म निर्माण व्यवसायीले किन भुक्तानी पाउन सकेनन् ? | हेमराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत | निर्माण व्यवसायीहरुले विपद्को समयमा काम गरेकोमा कामअनुसार बिल तथा भरपाई पेश गरेको आधारमा भुक्तानी दिने गरिएको हुँदा भुक्तानीका लागि आवश्यक कागजात पेश गरेर लैजान सकिन्छ । |

| | | | | |
|---|---|---|---|---|
| ६. | दुर्गा बुढामगर | हाईड्रोले फ्याँकेको गेगरको कारणले गर्दा म्याग्दीखोलामा लगाइएको मेसिनरीवालमा असर पुऱ्याएको हुँदा यस्तो कार्यलाई कसरी रोक्न सकिन्छ ? | बेगप्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष | सार्वजनिक सम्पत्तिमा कसैले हानी, नोक्सानी पुऱ्याउनुहुँदैन । जहाँसम्म म्याग्दीखोलाको मेसिनरीवालमा हाईड्रोले पुऱ्याएको क्षतिलाई रोक्न सम्बन्धित सरोकारवाला पक्ष सबै मिलेर अघि बढ्नुपर्छ । |
| ७ | सिर्जना विक | प्राविधिक शिक्षा अध्ययन गर्नको लागि महङ्गो रकम तिर्नुपर्ने विद्यार्थीहरुलाई बाध्यता रहेकाले गाउँपालिकाले आर्थिक व्यवस्थापन गर्न सक्छ कि सक्दैन ? | बेगप्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष | प्राविधिक शिक्षाका लागि गाउँपालिकाले वार्षिक रुपमा केही रकम अनुदान उपलब्ध गराउँदै आएको छ । यसलाई क्रमशः आउँदा वर्षहरुमा बढाएर लैजाने गाउँपालिकाको नीत र योजना रहेको छ । |
| ८ | डम्बर घर्तीमगर | बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीको लागि बढेको तलव/भत्ता अन्य गाउँपालिकाहरुले उपलब्ध गराएको भए पनि मालिकाले अहिलेसम्म किन नदिएको होला ? | अशोक रिजाल, शिक्षा अधिकृत | बालविकास सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारीहरुको बढेर आएको रकम अनुसारको तलव/भत्ता पालिकामार्फत सम्बन्धित विद्यालयको खातामा पठाइने भएकाले त्यसै अनुसार भुक्तानी हुन्छ । |
| ९. | कमलनाथ शर्मा | दीर्घ रोगीले स्वास्थ्य बीमा गरेको भए पनि डाक्टरले सिफारिस गरेको औषधी पाउँदैनन्, यो समस्याको समाधान कसरी हुन्छ ? | सन्तुकुमारी कार्की, स्वास्थ्य शाखा प्रमुख | सर्वसाधारण, नागरिक तथा बिरामीहरुले बीमा गरेवापतको सबै औषधीहरु नियमअनुसार पाउनुपर्छ । यदि डाक्टरले सिफारिस गरेको औषधी नपाइएको भए सम्बन्धित निकायमा ध्यानाकर्षण गराउनुपर्छ । कहिलेकाहीँ खरिद हुने प्रक्रियाले ढिलाई पनि हुन सक्छ । अहिले औषधीको समस्या छैन । |
| १०. | सीता सुवेदी | किसानले अनुदान आफैले रोजेर प्रयोग गर्ने वातावरण कहिलेदेखि सिर्जना होला ? | अनिता डाँगी, नायव प्राविधिक सहायक | स्थानीयस्तरमा किसानहरुले आफूले रोजेको कृषि अनुदान वडाले सिफारिस गरेको आधारमा गाउँपालिकामार्फत प्रदान गर्ने गरिएको छ । त्यसै अनुसार सम्बन्धित किसानहरुले पाउँछन् । |
| ११. | यमन नेपाली | दरबाङको बृहत खानेपानी योजनाबाट हामीले कहिलदेखि पानी प्रयोग गर्न पाउँछौं ? | बेगप्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष | बृहत दरबाङ खानेपानी योजना निर्माणकार्य ढिलाई भएकोमा पालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । निर्माणकार्य समयमै सकेर स्थानीयवासीलाई खानेपानी उपलब्ध गराउन हामीले निर्देशन दिएका छौं । |

**सार्वजनिक सुनुवाइका उपलब्धिहरु:**

१. पालिकाको सबै शाखाको गतिविधिहरुको बारेमा सहभागी सम्पूर्णलाई जानकारी प्राप्त भयो ।

२. गएको आर्थिक वर्ष र चालु आवमा गाउँपालिकाले ल्याएको नीति, कार्यक्रम, बजेट तथा योजनाहरु कार्यान्वयनको अवस्थाको बारेमा सम्बन्धित शाखामार्फत प्रस्तुतीकरण प्रभावकारी रह्यो ।

३. पालिकाको समग्र गतिविधिको बारेमा सरोकारवाला निकाय, सेवाग्राही, सर्वसाधारण, नागरिक तथा कर्मचारीहरुले समेत बुझ्ने अवसर प्राप्त भयो ।

४. सार्वजनिक सुनुवाई कार्यक्रमबाट गाउँपालिकाअन्तर्गत रहेका विभिन्न शाखाहरुबीच एकापसमा अन्तर्सम्बन्ध, सहकार्य र समन्वयको वातावरण सिर्जना भएको देखियो ।

५. आगामी दिनमा पालिकामार्फत सञ्चालन हुने योजना तथा कार्यक्रम एवं सम्पादित गतिविधिहरुलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि पृष्ठपोषण प्राप्त भयो ।

**सार्वजनिक सुनुवाइका सबल पक्षहरु:**

१. पालिकास्तरमा पहिलोपटक सार्वजनिक सुनुवाई कार्यक्रमको सुरुवात ।

२. पालिकाअन्तर्गत रहेका सबै शाखाहरुबाट सम्पादित गतिविधि, सञ्चालित कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन अवस्था उत्कृष्ट र प्रभावकारी देखिन्छ ।

३. कार्यक्रम सञ्चालनको क्रममा एकअर्का शाखा तथा सम्बन्धित लाभग्राही र सरोकारवाला निकायसँग पनि समन्वय र सहकार्य गरेको पाइयो ।

४. पालिकामार्फत सञ्चालित गतिविधिहरुको प्रस्तुतीकरण शैली प्रभावकारी हुनुका साथै प्रष्टसँग बुझिन्थ्यो ।

५. सार्वजनिक सुनुवाइमा प्रस्तुतीकरण गर्ने क्रममा सम्पादित गतिविधिलाई आवश्यक सामग्रीको छनोट र प्रयोग गर्ने शैली प्रभावकारी देखियो ।

६. कार्यक्रममा पालिकाभित्रका सबै स्थानीय राजनीतिक दल, सरोकारवाला निकाय, स्थानीयवासीलगायत नागरिक समाज सबैलाई गरेको निमन्त्रणाअनुसार उपस्थिति भएको पाइयो ।

**सुधार गर्नुपर्ने पक्ष तथा सुझावहरु:**

१. कार्यक्रम निर्धारित समयमै सुरुवात गर्नुपर्ने देखियो ।

२. सार्वजनिक सुनुवाई जस्तो महत्वपूर्ण कार्यक्रममा वडाका जनप्रतिनिधिहरुको साथमा आम सर्वसाधारणहरुलाई पनि उपस्थित गराउनुपर्ने ।

३. कार्यक्रममा गाउँपालिकाभित्र सञ्चालित एनजिओ/आईएनजिओ तथा हाईड्रोपावर निर्माण कम्पनीका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत सहभागी बनाउँदा राम्रो हुन्छ ।

४. गाउँपालिकाभित्र निर्माणाधीन हाईड्रोपावर कम्पनीबीच भएको सामाजिक उत्तरदायित्व अन्तरगतका सम्झौताअनुसार प्रभावित क्षेत्रका सर्वसाधारण, नागरिकहरुलाई जानकारी गराउनुपर्ने ।

५. गाउँपालिकामार्फत कार्यसम्पादन भए गरेका सम्पूर्ण गतिविधिहरुलाई नियमित रुपमा वेवसाइडमा अपडेट गर्नुपर्ने ।

६. सेवा प्रवाहलाई चुस्त, दुरुस्त र समय सान्दर्भिक बनाउन आवश्यक पहल गर्नुपर्नेछ ।

७. कृषि, पशुलगायत शाखामा स्थानीय किसानलाई राहत मिल्ने पशु सेवासम्बन्धी डाक्टर तथा कृषि विज्ञ एवं प्राविधिहरु खटाउनुपर्ने र उनीहरुको व्यवस्थापन गर्नुपर्ने ।

८. स्थानीय राजनीतिक दल, नागरिक समाज तथा सरोकारवाला निकायको उपस्थित दरिलो बनाउनुपर्ने ।

९. सार्वजनिक सुनुवाई कार्यक्रम समय समयमा पालिका तथा वडास्तरमा समेत सञ्चालन गर्नुपर्ने ।

*प्रतिवेदन दिएको मितिः २०७९ साल माघ १५ गते बिहीबार ।*

...................

प्रताप बानियाँ

प्रतिवेदन तयारकर्ता

म्याग्दी मिडिया सोसाइटी ★ Myagdi Media Society

**सार्वजनिक सुनुवाई कार्यक्रमका केही तस्विरहरू.....**




















म्याग्दी मिडिया सोसाइटी
Myagdi Media Society










Myagdi Media Society